प्रमाणित प्रतिलिपी

**मिति २०८१/४/३१ गतेको नगरकार्यपालिकाको बैठकका प्रस्तावहरु**

१. आ.व.२०८१/०८२ का योजना कार्यान्वयन सम्बन्धमा ।

२. अदालतको परमादेश सम्बन्धमा ।

३. क्यान्टिन निर्माण/संचालन सम्बन्धमा ।

४. करार कर्मचारी (निरन्तरता) सम्बन्धमा ।

५. कृषि उपज संकलन केन्द्र संचालन तथा सहजिकरण सम्बन्धमा ।

६. विभिन्न कार्यविधि तर्जुमा तथा संसोधन सम्बन्धमा ।

७. विविध सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व.२०८१/०८२ का योजनाहरु कार्यान्वयनका सन्दर्भमा सडक मर्मत तर्फ रु १० लाख सम्म रकम विनियोजन भएका र अन्य रु ५ लाख सम्म रकम विनियोजन भएका योजनाहरु बाहेक सवै पूर्वाधारका योजनाहरु ठेक्का पट्टाको माध्यमबाट कार्यान्वयन गर्ने । चालु आ.व.मा समपुरक अनुदान, सर्शत तथा विशेष अनुदान तर्फ प्राप्त बजेटबाट कार्यान्वयन हुने तपशिलका योजनाहरुमा गर्नु पर्ने कार्य धेरै भएकोले योजना कार्यान्वयन गर्दा विनियोजित रकममा तपशिल बमोजिमको रकमको श्रोत सुनिश्चितता गरी सो रकम समेतको लागत अनुमान तयार गरी इविड प्रकृया मार्फत ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो ।

***तपशिल***

१. ठाडा अमराई जुकेना देउराली ऐरावती सडक स्तरोन्नती रु १५ लाख

२. भेडामारे सिमलपानी भाटगाउँ चिदिचौर ढाव पावरा विक्रम सडक स्तरोन्नती रु १५ लाख

३. देउराली दमार ढुङ्गेसेरा मौवाबारी खयरभट्टी बनकसबास सडक स्तरोन्नती रु ३५ लाख

४. पाकुरी मा.वि. छात्रवास भवन निर्माण शिनपा ९ रु ६ लाख

५. उद्योग वाषिज्य संघको भवन निर्माण रु ३ लाख

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस यस नगरपालिकाको वडा नं. २ भुन्टेडाँडामा शितगंगा मिनरल्र्स उद्योग प्रा.लि. मार्फत संचालित क्रशर उद्योगले उत्खनन गरेको (हाल बन्द रहेको) ढुङ्गा, गिट्टी लगायतका निर्माण सामाग्रीको परिमाण यकीन गर्नुपर्ने देखिएको र उक्त कार्यको लागि उपयुक्त प्राविधिक जनशक्ति यस नगरपालिकामा उपलब्ध नरहेकोले खानी तथा भू-गर्भ विभागबाट माईनिङ सम्बन्धी प्राविधिक झिकाई उद्योगले हालसम्म उत्खनन गरेको परिमाण यकीन गर्न विभाग समक्ष प्राविधिक सहयोग माग गर्ने निर्णय गरियो ।

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमाणित प्रतिलिपी

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकामा क्यान्टीन नहुदा सेवा ग्राही लगायत कर्मचारी तथा कार्यालयलाई निकै असुविधा भएकोले नगरपालिको पछाडीको भागमा रहेको खाली जग्गामा रु १० लाखमा नबढ्ने गरी लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन मार्फत क्यान्टीन भवन निर्माण गर्ने । उक्त कार्यको भुक्तानी चालु आ.व.मा मौज्दात सरेको रकमबाट भुक्तानीको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकामा विगत आ.व. देखि कार्य गर्दै आएका र गत असारमा करार अवधि सकिएका तर सो पश्चात पनि निरन्तर कार्य गर्दै आएका करार कर्मचारीहरुको २०८१ श्रावण १ गते देखि लागु हुने गरी करार अवधि थप गर्ने । त्यसै गरी स्वीकृत संगठन संरचना तथा वजेट व्यवस्थापनका आधारमा हाल वडा नं. १० र १३ को स्वास्थ्य चौकीमा ल्यावको १/१ जना कर्मचारी करारमा राख्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको अमराईमा रहेको कृषि उपज संकलन केन्द्र संचालनको लागि आधारशिला सहकारी र यस नगरपालिका बिच भएको सम्झौताको म्याद चालु आ.व.को लागि समेत थप गरी सम्झौता नविकरण गर्ने । उक्त कृषि उपज संकलन केन्द्र मार्फत विकी गर्ने बन्दा, फुलगोभी, टमाटर, आलु, प्याज, सिमी, बोडी, काको, सिमलामिर्च, मुला, अदुवा, वेसार, खुर्सानी, फर्सी, केरा, कागती, स्कुस, ड्रागन को समर्थन मुल्य/लागत मुल्य तोक्न छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्न विगतमा निर्माण भएका तपशिलका कार्यविधिहरुमा केही संसोधन गर्नु पर्ने भई विधायन समिति मार्फत आजको कार्यपालिकामा पेश भएका तपशिल बमोजिमका कार्यविधि उपर छलफल भयो पेश भई छलफल भएका तपशिल बमोजिमका संसोधित कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिल**

१. शितगंगा नगरपालिको “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ मा पहिलो संसोधन २०८१
२. एकल पुरुष, एकल महिला तथा “ग” वर्गका अपाङ्गहरुलाई भत्ता वितरण सम्बन्धी कार्यविधि २०७८ संसोधन २०८१
३. ८४ वर्ष उमेरका जेष्ठ नागरिकहरुलाई ८४ वर्ष गाँठको उपलक्ष्यमा सम्मान प्रदान गर्ने सम्बन्धि कार्यविधि २०७९ संसोधन २०८१

सीतगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमाणित प्रतिलिपी

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरु माथि छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

**(क)** यस नगरपालिका वडा नं. १ र २ मा पर्ने सितापुर सुवर्णखाल मन्द्रे नेटापोखरा सडक अर्न्तगत वडा नं. २ को सितापुर अधेरी खोला क्षेत्रको विभिन्न स्थानमा माथिबाट पहिरो गई सडकमा थुप्रीएको मिस्कट अन्य विकास निर्माण लगायतको कार्यमा प्रयोग हुन सक्ने भई कसैले लैजान चाहेमा प्राविधिक नाँपजाँच गरी वडा कार्यालयमा रोयल्टी बुझाई जो कोहीले पनि लैजान दिने । यसरी लैजादा लैजाने व्यक्तिले मिस्कट लगेको क्षेत्रको बाटो समेत मर्मत गरिदिने व्यवस्था मिलाउने ।

**(ख)** विभिन्न प्रकारको अपाङ्गता भई समस्यामा परेका र आर्थिक अवस्था समेत कमजोर भएका वडा नं ६ निवासी भोजराज पौडेल र वडा नं. ६ निवासी भिमकला खत्री भट्टराईलाई १/१ थान हुईल चियर नगरपालिकाले उपलब्ध गराउने ।